# साँफेबगर राजपत्र

साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या १ मिति २०८३ वैशाख १५

## भाग २

### साँफेबगर नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

## शैक्षणिक स्रोत व्यक्ति तथा स्रोत विद्यालय छनौट सम्बन्धी निर्देशिका - २०८३

**प्रस्तावना :** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सुपरिवेक्षण तथा सहायता निर्देशिका, २०८०, साँफेबगर नगरपालिका शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३ बमोजिम विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइको केन्द्रको रुपमा विकास गर्न, विद्यार्थीको सिकाई सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी शिक्षक शिक्षा सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका तयार गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम साँफेबगर नगरपालिकाको नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

साँफेबगर नगरपालिका

**१.छनोट समिति सम्बन्धी व्यवस्था :** शैक्षणिक स्रोत व्यक्ति छनोटको लागि देहाय बमोजिमको तीन सदस्यीय छनोट समिति हुनेछ । उक्त समितिले शैक्षणिक स्रोत व्यक्ति छनोटको सम्पुर्ण प्रक्रिया सम्पन गर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख (विषय बिज्ञ) - सदस्य

(ग) टेक्सेस परियोजनाको प्रतिनिधि (विषय बिज्ञ) – सदस्य

**२.शैक्षणिक स्रोत व्यक्ति छनौटका आधारहरू देहाय बमोजिम हुनेछन:** शैक्षणिक स्रोत व्यक्ति छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ ।

| | |
|---|---|
| छोटो सूचीबापत : | २५ |
| लिखित परीक्षा बापत: | ५० |
| अन्तरवार्ता बापत: | २५ |
| **जम्मा** | **१००** |

**३. छोटो सूची सम्बन्धी व्यवस्था:** (१) दर्ता हुन आएका आवेदनहरु न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत २५ बमोजिमको समितिले अङ्क गणना गरी वर्णानुक्रम अनुसार छोटो सूची प्रकाशन गर्नेछ । छोटो सूचीकरणका लागि अङ्क गणना गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत बापत - ५ अङ्क,

(ख) तोकिएको भन्दा माथिल्लो शैक्षिक योग्यता बापत - ५ अङ्क

(ग) नेपाल सरकारद्वारा सञ्चालित शिक्षा सम्बन्धी कार्यक्रम वा शिक्षकको क्षमता अभिवृद्धि वा सोही प्रकृतिको काम गरेको अनुभव बापत प्रति वर्ष २ अङ्कका दरले अधिकतम - ५ अङ्क

(घ) महिला वा दलित वा अपाङ्गता -३ अङ्क

(ङ) उम्मेदवारको स्थायी बसोबास क्षेत्रको स्थानका आधारमा - २ अङ्क

(च) सम्बन्धित जिल्लाको स्थायी बासिन्दा - २ अङ्क

(छ) सुदूरपश्चिम प्रदेशको स्थायी बासिन्दा - २ अङ्क

(ज) अन्य प्रदेशको स्थायी बासिन्दा -१ अङ्क

साँफेबगर नगरपालिका

(२) अङ्क गणना गर्दा ४५ (पैँतालीस) प्रतिशत अङ्क प्राप्त गर्ने सबै उम्मेदवारलाई छोटो सूचीमा सूचीकरण गरिनेछ । उम्मेदवारको छोटो सूची सूचीकरण गर्दा वर्णानुक्रम अनुसार नामावली प्रकाशन गरिनेछ ।

**४.लिखित परीक्षाका लागि समावेश गर्नुपर्ने मुख्य विषयवस्तुहरू (नेपालीमा):**

(क) शिक्षकको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरू (१०)

१. नेपालको शिक्षा ऐन, नियमावली, बिद्यालय शिक्षा क्षेत्र योजना र शिक्षक सेवा सम्बन्धी नीति

२. शिक्षाका अन्तर्राष्ट्रिय अभ्यासहरू (SDG-4, Inclusive Education, आदि)

(ख) विद्यालयहरूको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष (१०)

१. विद्यालयको भौतिक पूर्वाधार (कक्षाकोठा, शौचालय, पिउनेपानी, ICT)

२. विद्यालयको शैक्षिक वातावरण (शिक्षण सिकाइ प्रक्रिया, पठनपाठन सामग्री)

३. विद्यालय व्यवस्थापन समिति (SMC), PTA, SIP (School Improvement Plan)

४. पारदर्शी व्यवस्थापन र EMIS प्रणाली

(ग) शिक्षकको पेशागत विकास(Teacher Professional Development) (१०)

१. निरन्तर पेशागत विकास (TPD) का सिद्धान्त र अभ्यास
२. शिक्षक तालिमका ढाँचा ( प्रि–सर्भिस र इन–सर्भिस )
३. शिक्षक मूल्याङ्कन प्रणाली
४. शिक्षकको मनोबल वृद्धि र उत्प्रेरणा प्रवर्द्धन गर्ने उपायहरू

(घ) तालिम सम्बन्धी ज्ञान (१०)

१. शिक्षक तालिमका उद्देश्य र महत्त्व
२. प्रभावकारी तालिमको विशेषता
३. सिकाइको मूल्याङ्कन विधिहरू
४. अभ्यासमूलक (practical) तालिम र कक्षा प्रयोगशाला

(ङ) कक्षाकोठाका समस्या तथा समाधान उपायहरू (५)

१. विद्यार्थी अनुशासन, उपस्थितिको समस्या
२. सिकाइमा विविधता (learning difficulties, disabilities)
३. द्विभाषिक शिक्षण समस्या
४.कक्षा व्यवस्थापनमा ICT वा स्थानीय स्रोतको प्रयोग

(च) मेंटोरिङ (Mentoring) र कोचिङ (Coaching) (५)

१. शिक्षकलाई व्यक्तिगत रूपमा सहयोग गर्न Mentoring को भूमिका

१. कोचिङ विधिहरू: classroom observation, feedback

२. पेडागोजिकल रिसोर्स पर्सन (PRP) वा शिक्षक प्रशिक्षकको भूमिका

**५.अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था:** (१) छोटो सूचीमा सूचीकरण भएका र लिखित परीक्षामा पास भएका उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ। अन्तरवार्ता २५ पूर्णाङ्कको हुनेछ।

(२) अन्तरवार्ता समितिका सदस्यले अन्तरवार्तामा उम्मेदवारलाई न्यूनतम ४० (चालीस) प्रतिशत र अधिकतम ७० (सत्तरी) प्रतिशतको सीमा भित्र रही अङ्क प्रदान गर्नु पर्नेछ। यो सीमा भन्दा कम वा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्नेछ।

(३) समितिका सदस्यहरूले दिएको औषत अङ्कलाई उम्मेदवारले प्राप्त गरेको अङ्क मानिनेछ।

(४) अन्तर्वार्ता समस्या समाधान सम्बन्धी विषयमा केन्द्रित हुनेछ।

(५) सम्बन्धित उम्मेदवारले पाएको विषयमा प्रस्तुतीकरण कम्प्युटरमा बनाई प्रस्तुत गर्नुपर्नेछ।

(६) अन्तर्वार्ताको निर्धारित प्रश्न र थप प्रश्न समिति सदस्यहरुले सोध्न सक्नेछन।

**६. अन्तिम योग्यताक्रम प्रकाशन गर्ने:** (१) उम्मेदवारले प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा समितिले

अन्तिम योग्यताक्रम निर्धारण गरी सफल उम्मेदवारको नामावली सिफारिस गर्नेछ ।

(२) योग्यताक्रम अनुसार छनौट भएका सफल उम्मेदवारहरूको अन्तिम नामावली सूचना पाटी र वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) अन्तिम नामावली प्रकाशन गर्दा विज्ञापन बमोजिम वैकल्पिक उम्मेदवारको नामावली समेत प्रकाशन गर्नुपर्नेछ।

(४) अन्तिम योग्यता सूचीमा पर्न सफल उम्मेदवार लाई कार्यालयले जानकारीको लागि सूचना गर्नु पर्नेछ।

(५) करार सम्झौता गर्दा करार सेवा सुरू र अन्त्य हुने मिति सेवा सुबिधा, कार्यविवरण समेत उल्लेख गर्नु पर्नेछ।

**७. स्रोत विद्यालय छनौटका मापदण्ड:** (१) छनौट गरिएको स्थानीय तहभित्रको स्रोत विद्यालयलाई प्राथमिकता दिइनेछ ।

(२) अन्य विद्यालयहरूलाई पनि सजिलै पहुँच हुनेगरी नगरपालिकाको भौगोलिक रूपमा बीचको स्थानमा रहेको विद्यालयलाई प्राथमिकता दिइनेछ ।

(३) कक्षा १ देखि १२ सम्म सञ्चालन भएको विद्यालय हुनु पर्नेछ ।

(४) विद्यार्थी सङ्ख्या बढी हुनुका साथै विशेषगरी छात्राहरू, आदिवासी/जनजाति र दलित समुदायका विद्यार्थीहरू बढी भएका विद्यालयलाई प्राथमिकता दिइनेछ ।

(५) सिकाइका लागि पर्याप्त कक्षाकोठा, भवन तथा डिजिटल सिकाईका लागि पूर्वाधारहरू उपलब्ध भएको विद्यालय हुनु पर्नेछ ।

(६) विद्यालयलाई नेतृत्वदायी/मोडेल विद्यालयका रूपमा विकास गर्न नगरपालिकासँग सम्भावित सहकार्यको अवसर हुनुपर्छ ।

(७) TECSES परियोजना सँग मिल्ने क्रियाकलाप भएका अन्य दातृ निकायहरूले सहयोग गरिरहेका विद्यालयहरूलाई कम प्राथमिकता दिइनेछ ।

(८) दुईभन्दा बढी विद्यालय सम्भावित भएमा, काम गर्न तयार विद्यालयलाई प्राथमिकता दिइनेछ ।

**आज्ञाले**

**देवसरा कुमारी थापा**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

साँफेबगर नगरपालिका